प्रदेश सरकार

लुम्बिनी प्रदेश

भूमि व्यवस्था कृषि तथा सहकारी मन्त्रालय

कृषि विकास निर्देशनालय

# कृषि व्यवसाय प्रवर्द्धन सहयोग तथा तालिम केन्द्र

खजुरा, बाँके

सूचनाको हक सम्बन्धि ऐन २०६४ को दफा ५(३) तथा दफा ५(४) र नियमावली २०६५ को नियम ३ अनुसार प्रकाशित विवरण

**आ.व. २०७७/७८ (२०७७ कार्तिक देखि २०७७ पौष मसान्त सम्म)**

## १. निकायको प्रकृति र स्वरूप

कृषि क्षेत्रको उत्पादन तथा उत्पादकत्व बढाउन उपयुक्त प्रविधि कृषक समक्ष पुर्याउनको लागि तालिम एक सशक्त माध्यम हो । यही कुरालाई हृदयाङ्गम गरी तत्कालीन श्री ५ को सरकारको मिति २०४४ माघ २४ को निर्णयले तत्कालीन कृषि तालिम तथा प्रसार शाखाबाट अलग्याई केन्द्रीय कृषि तालिम केन्द्र र पाँच विकास क्षेत्रका तराई र पहाडमा १/१ गरी जम्मा १० वटा क्षेत्रीय कृषि तालिम केन्द्रहरु स्थापना गरिएका थिए । सोही बमोजिम बाँकेको खजुरामा क्षेत्रिय कृषि तालिम केन्द्र स्थापना गरिएको थियो | देश संघिय गणतान्त्रिक व्यवस्थामा रुपान्तरित भई संघ, प्रदेश र स्थानिय निकायमा परिमार्जन भएकोमा साविकको क्षेत्रिय कृषि तालिम केन्द्र, खजुरा, बाँके विघटन भै आ.व. २०७५/७६ देखि भुमि व्यवस्था कृषि तथा सहकारी मन्त्रालय, लुम्बिनी प्रदेश मातहत रही कृषि व्यवसाय प्रवर्द्धन सहयोग तथा तालिम केन्द्रको रुपमा यस कार्यालयले प्रदेश तथा स्थानिय तहका कर्मचारी तथा कृषकहरुको लागि तालिम संचालन र कृषि व्यवसाय प्रवर्द्धनका गतिविधि संचालन गर्ने मुख्य उद्धेश्य सहित काम गर्दै आएको छ ।

## २. निकायको काम र कर्तव्य

- प्रदेशस्तरका कृषि उद्यमी तथा व्यवसायीहरुको रोष्टर तयार तथा अद्यावधिक गर्ने,
- प्रदेश अन्तरगत कृषि बाली र वस्तुको विकास एवं विस्तारका व्यवसायिक योजना तर्जुमा तथा कार्यान्वयन र कृषि उद्यमी तथा व्यवसायीहरुलाइ व्यवसाय संचालनका लागि आवश्यक व्यवसायिक योजना तयारीमा सहयोग गर्ने,
- कृषि उद्यमी तथा व्यवसायीहरुलाइ व्यवसाय संचालनका लागि आवश्यक पूर्वाधार तथा सुविधाको पहिचान गरी आवश्यक कार्यक्रम संचालन गर्ने,
- कृषि उद्यमी तथा व्यवसायीहरुलाइ व्यवसाय संचालनमा आवश्यक सेवा सुविधा प्रासिका लागि सम्वन्धित निकायहरुसंग सम्वन्ध स्थापित गराइदिने,
- विभिन्न कृषि उद्यम तथा व्यवसाय संचालनका लागि आधारभूत जानकारीहरु प्रदान गर्ने,
- कृषि उद्यम तथा व्यवसाय प्रर्बद्धनसंग सम्वन्धित निकायहरुवीच समन्वय कायम गर्ने,
- विदेशवाट फर्केका कृषि व्यवसाय तथा उद्यम गर्न चाहने युवा कृषकहरुलाइ उद्यम तथा व्यवसाय संचालनमा आवश्यक सहजीकरण गर्ने,
- कृषि बजार तथा पूर्वाधार विकासमा सहयोग
- प्रदेशस्तरमा कृषि प्रविधि विस्तार कार्यमा सहयोग गर्ने ।


- कृषि उद्यमी तथा व्यवसायीहरुलाइ व्यवसाय संचालनका लागि आवश्यक ज्ञान तथा सिप प्रदान गर्न तालिम आवश्यकता पहिचान गरी सो अनुरुप विशिष्टीकृत ज्ञान, शीप प्रदान गर्न विशिष्ठिकृत तालिम कार्यक्रम संचालन गर्ने ।
- प्रदेश र स्थानीय तहमा कार्यरत प्राविधिक कर्मचारीहरुलाई तालिम आवश्यकता पहिचानमा आधारित तालिम संचालन तथा क्षमता विकासका कार्यहरु गर्ने ।
- तोकिएको शुल्क लिइ अन्य निकायवाट माग भइ आए बमोजिम कृषि उद्यम तथा व्यवसाय संचालन एवं प्रर्बद्धन सम्वन्धी तालिमहरु संचालनको व्यवस्था गर्ने,
- कृषि ज्ञान केन्द्रहरुवाट संचालित व्यवसायिक योजना कार्यान्वयन तथा शिपविकास सम्वन्धि कार्यहरुको अनुगमन गर्ने तथा निर्देशन दिने ।

## ३. कर्मचारीहरुको विवरण

यस कार्यालयको स्वीकृत कर्मचारी दरवन्दी १६ जनाको रहेको छ | जसमा हाललाई पदपूर्ति भएको पद र कार्यरत कर्मचारीको विवरण यस प्रकार रहेको छ |

| क्र.स. | नाम | पद | स्थायी ठेगाना |
|---|---|---|---|
| १ | अमरराज शर्मा घिमिरे | बरिष्ठ कृषि प्रसार अधिकृत (अधिकृत स्तर दशौं) | गडवा गा.पा. २, दाङ |
| २ | अनिश श्रेष्ठ | कृषि प्रसार अधिकृत (अधिकृत स्तर सातौं) | खजुरा गा.पा. ३, बाँके |
| ३ | भुवन कुमार केसी | लेखा (अधिकृतस्तर छैठौं) | नेपालगंज उ.प.म.पा ४, बाँके |
| ४ | भोला प्रसाद शर्मा | प्रशासन (अधिकृतस्तर छैठौं) | तुलसिपुर उ.प.म.पा १५, दाङ |
| ५ | अमर राज आचार्य | अधिकृतस्तर छैठौ (कृषि अर्थ) | प्युठान न.पा.१, प्युठान |
| ६ | खडक बहादुर बस्नेत | अधिकृतस्तर छैठौ (कृषि प्रसार) | मधुवन न.पा. ९, बर्दिया |
| ७ | राधिका पौडेल | अधिकृतस्तर छैठौ (कृषि प्रसार) | कोहलपुर न.पा. ११, बाँके |
| ८ | रुद्रमणि खरेल | सहायकस्तर पाचौं | तुलसीपुर उ.म.न.पा. ३, दाङ |
| ९ | चन्द्रबहादुर डाँगी | हलुका सवारी चालक | राप्तीसोनारी गा.पा. ८, , बाँके |
| १० | दुर्गा पाठक | कार्यालय सहयोगी | जानकी गा.पा. ४, बाँके |
| ११ | पञ्चम यादव | कार्यालय सहयोगी | डुडुवा गा.पा., बाँके |

## ४. कार्यालयको संगठन संरचना




## ५. शाखाहरुको कार्यविवरण

### ५.१. कृषि व्यवसाय प्रवर्द्धन सहयोग शाखा

- प्रदेशस्तरका कृषि उद्यमी तथा व्यवसायीहरुको रोष्टर तयार तथा अद्यावधिक गर्ने,
- प्रदेश अन्तरगत  कृषि बाली र वस्तुको विकास एवं विस्तारका व्यवसायिक योजना तर्जुमा तथा कार्यान्वयन र कृषि उद्यमी तथा व्यवसायीहरुलाइ व्यवसाय संचालनका लागि आवश्यक व्यवसायिक योजना तयारीमा सहयोग गर्ने,
- कृषि उद्यमी तथा व्यवसायीहरुलाइ व्यवसाय संचालनका लागि आवश्यक पूर्वाधार तथा सुविधाको पहिचान गरी आवश्यक कार्यक्रम संचालन गर्ने,
- कृषि उद्यमी तथा व्यवसायीहरुलाइ व्यवसाय संचालनमा आवश्यक सेवा सुविधा प्राप्तिका लागि सम्वन्धित निकायहरुसंग सम्वन्ध स्थापित गराइदिने,
- विभिन्न कृषि उद्यम तथा व्यवसाय संचालनका लागि आधारभूत जानकारीहरु प्रदान गर्ने,
- कृषि उद्यम तथा व्यवसाय प्रर्बद्धनसंग सम्वन्धित निकायहरुवीच समन्वय कायम गर्ने,
- विदेशवाट फर्केका कृषि व्यवसाय तथा उद्यम गर्न चाहने युवा कृषकहरुलाइ उद्यम तथा व्यवसाय संचालनमा आवश्यक सहजीकरण गर्ने,
- कृषि बजार तथा  पूर्वाधार विकासमा सहयोग
- प्रदेशस्तरमा कृषि प्रविधि विस्तार कार्यमा सहयोग गर्ने ।

### ५.२ कृषि व्यवसाय तालिम शाखा

- कृषि उद्यमी तथा व्यवसायीहरुलाइ व्यवसाय संचालनका लागि आवश्यक ज्ञान तथा सिप प्रदान गर्न तालिम आवश्यकता पहिचान गरी सो अनुरुप विशिष्टीकृत ज्ञान, शीप प्रदान गर्न विशिष्ठिकृत तालिम कार्यक्रम संचालन गर्ने ।

- प्रदेश र स्थानीय तहमा कार्यरत प्राविधिक कर्मचारीहरुलाई तालिम आवश्यकता पहिचानमा आधारित तालिम संचालन तथा क्षमता विकासका कार्यहरु गर्ने ।
- तोकिएको शुल्क लिइ अन्य निकायवाट माग भइ आए बमोजिम कृषि उद्यम तथा व्यवसाय संचालन एवं प्रर्बद्धन  सम्वन्धी तालिमहरु संचालनको व्यवस्था गर्ने,
- कृषि ज्ञान केन्द्रहरुवाट संचालित व्यवसायिक योजना कार्यान्वयन तथा शिपविकास सम्वन्धि कार्यहरुको अनुगमन गर्ने तथा निर्देशन दिने ।

**५.३ प्रशासन शाखा**

**५.३.१ लेखा फाँट**

- आर्थिक प्रशासन सम्बन्धी सम्पूर्ण कार्यहरु गर्ने |
- नियमित रुपमा लेखा परिक्षण गराउने |
- बेरुजु हुन् नदिन तर्फ सतर्क रहने तथा बेरुजु रेकर्ड अद्यावधिक राख्ने र नियमित रुपमा बेरुजु फछ्यौंट सम्बन्धी कार्यहरु गर्ने |

**५.३.२ सामान्य प्रशासन तथा स्टोर फाँट**

- कर्मचारी प्रशासन तथा सामान्य प्रशासन सम्बन्धी सम्पूर्ण कामहरु गर्ने |
- जिन्सी व्यवस्थापन सम्बन्धी सम्पूर्ण कामहरु गर्ने |
- कार्यलयको सम्पत्ति सुरक्षा गर्न तथा दुरुपयोग हुन् नदिन आवश्यक कार्य गर्ने |
- बार्षिक कार्यक्रम तथा बजेट तर्जुमा गर्न योजना अनुगमन शाखालाई सहयोग गर्ने |
- अभिलेखीकरण, बैठक, निर्णय लेखन, बैठक व्यवस्थापन |
- दर्ता/चलानी साथै सक्कल कागजात सम्बन्धित ठाउँमा पुर्याउने |
- अन्य शाखाको कार्यविवरणमा नपरेका प्रशासनिक लगायत अन्य सबै कार्य गर्ने |

**६. सेवा प्राप्त गर्न लाग्ने दस्तुर र अवधि**

- सूचना ५ पेजसम्म निशुल्क, यदि सो भन्दा बढी भएमा प्रति पेज रु ५/- दस्तुर लाग्ने, सूचनाको प्रकृति हेरी बढीमा १५ दिन सम्मको अवधि लाग्ने |
- मागमा आधारीत तालिम निशुल्क प्राप्त हुने, माग संकलन पश्चात कार्यालयको स्वीकृत वार्षिक कार्यक्रम अनुसार संचालन हुने |
- कृषि बजार तथा व्यवसाय प्रवर्द्धन सहयोग अनुदान निशुल्क प्राप्त हुने, तर लागत सहभागिता बमोजिम लगानी रहने, माग संकलन पश्चात कार्यालयको स्वीकृत वार्षिक कार्यक्रम अनुसार संचालन हुने |
- प्राविधिक सर-सल्लाह निशुल्क प्राप्त हुने, सम्भव भए सम्म छिटो प्राप्त हुने |
- कार्यक्रम हल उपलब्ध रहेको अवस्थामा माग भै आएको बखत, दस्तुर प्रति दिन सानो हलको रु. १०००/- र ठुलो हलको रु. २०००/- लाग्ने |
- होस्टेल कोठा उपलब्ध रहेको अवस्थामा माग भै आएको बखत, दस्तुर रु. १००/- प्रति व्यक्ति प्रति दिन |

## ७. नागरिक वडापत्र

# नागरिक वडापत्र

| क्र.स. | सेवा सुबिधाको प्रकार | सेवाग्राहीले पुर्याउनु पर्ने प्रक्रिया | शुल्क दस्तुर | लाग्ने समय | जिम्मेवार शाखा/कर्मचारी | कैफियत |
|---|---|---|---|---|---|---|
| १. | कर्मचारी तालिम (६ दिन देखि २ हप्ता सम्म) | ज्ञान केन्द्रले छनौट गरी सहभागिताको लागि पठाउने | निशुल्क | - | कृषि व्यवसाय तालिम शाखा | कोठा नं. १०७ |
| | सेवा कालिन कर्मचारी तालिम (३० कार्यदिन) | ज्ञान केन्द्र तथा स्थानीय तहले मनोनयन गरी सहभागिताको लागि पठाउने | निशुल्क | - | कृषि व्यवसाय तालिम शाखा | कोठा नं. १०७ |
| २. | सिप बिकास कृषक तालिम (६ दिन देखि २ हप्ता सम्म) | ज्ञान केन्द्रले छनौट गरी सहभागिताको लागि पठाउने | निशुल्क | - | कृषि व्यवसाय तालिम शाखा/कृषि व्यवसाय प्रवर्द्धन सहयोग शाखा | कोठा नं. १०५/१०७ |
| | मागमा आधारीत सिपबिकास कृषक तालिम | आवेदन फारम/ वडा कार्यालयको सिफारिस/ नागरिकताको प्रतिलिपि सहितको निवेदन पश्चात कार्यालयले छनौट गर्ने | रु. १० को टिकट | १ महिना आवेदन समय | कृषि व्यवसाय तालिम शाखा/कृषि व्यवसाय प्रवर्द्धन सहयोग शाखा | कोठा नं. १०५/१०७ |
| ३. | बजार बिकास तथा व्यवसाय प्रवर्द्धन सहयोग अनुदान | प्रस्तावना/ दर्ता वा नवीकरणको प्रतिलिपि/प्यान वा भ्याट दर्ताको प्रतिलिपि/जग्गाको लालपुर्जा वा करारको प्रतिलिपि/ स्थानीय तह र ज्ञान केन्द्रको सिफारिस/ र कार्यविधि बमोजिमको अन्य कागजात सहितको निवेदन पश्चात कार्यालयले छनौट गर्ने | रु. १० को टिकट | १ महिना आवेदन समय | कृषि व्यवसाय प्रवर्द्धन सहयोग शाखा | कोठा नं. १०५ |
| ४. | प्राविधिक सरसल्लाह | मौखिक तथा लिखित माग | निशुल्क | तुरुन्तै | कृषि व्यवसाय तालिम शाखा/कृषि व्यवसाय प्रवर्द्धन सहयोग शाखा | कोठा नं. १०५/१०७ |
| ५. | सूचना तथा जानकारी | लिखित निवेदन माग | ५ पेज सम्म निशुल्क, ५ पेज पछी प्रति पेज रु. ५ | जानकारीको प्रकृति हेरी बढीमा ७ दिन | जानकारी बमोजिम सम्बन्धित शाखा | |
| ६. | भुक्तानी | निवेदन, बिल भरपाई तथा प्राविधिक मुल्यांकन | निशुल्क | कामको प्रकृति हेरी ३ दिन देखि बढीमा ७ दिन | लेखा शाखा | कोठा नं. १०२ |

सूचना अधिकारी
अनिश श्रेष्ठ
सम्पर्क नं. ९८४८०८४४७४
कोठा नं. १०५

कार्यालय प्रमुख
अमरराज शर्मा घिमिरे
सम्पर्क नं. ९८४५०८५८५५

**कृषि व्यवसाय प्रवर्द्धन सहयोग तथा तालिम केन्द्र**
**खजुरा, बाँके**
सम्पर्क नं. ०८१५६०४४२
इमेल आइडी : abpstckhajura@gmail.com
Website: abpstc.p5.gov.np

## ८. उजुरी, निवेदन उपर निर्णय गर्ने प्रक्रिया र अधिकारी

कृषि व्यवसाय प्रवर्द्धन सहयोग तथा तालिम केन्द्र, खजुरा, बाँकेका निमित्त कार्यालय प्रमुख श्री अमरराज शर्मा घिमिरे ।

## ९. सम्पादित कामको विवरण

क. मागमा आधारीत कृषि बजार पूर्वाधार विकास कार्यक्रमका सहभागीहरु छनौट तथा सम्झौता सम्पन्न ।

ख. कृषि उद्यमी अनुदान सहयोग कार्यक्रमको सूचना प्रकाशन तथा प्रस्तावना संकलन |

ग. नमुना प्रदर्शन स्थलमा विभिन्न खाले कृषि उपजहरु उत्पादन |

घ. पाठ्यक्रम निर्माण/परिमार्जन तथा अन्तरप्रदेश अनुभव आदान-प्रदान गोष्ठी सम्पन्न |

ङ. मागमा आधारित तालिमको सूचना प्रकाशन तथा आवेदन संकलन |

च. स्मार्ट कृषि गाउँका कृषकहरुलाई वाली विशेष तालिम संचालन (६ दिने) — १ पटक

छ. मागमा आधारित च्याउ उत्पादन तालिम संचालन (६ दिने) — १ पटक

ज. हरित स्वयम् सेवकका लागि TOT तालिम (१२ दिने) — २ पटक

झ. कृषि यन्त्र मर्मत तथा संचालन तालिम (६ दिने) — १ पटक

**१०. प्रमुख र सूचना अधिकारीको विवरण**

- निमित्त कार्यालय प्रमुख श्री अमरराज शर्मा घिमिरे, बरिष्ठ कृषि प्रसार अधिकृत (अधिकृतस्तर दशौं)
- सूचना अधिकारी श्री अनिश श्रेष्ठ, कृषि प्रसार अधिकृत (अधिकृतस्तर सातौं)
- सहायक सूचना अधिकारी श्री अमरराज आचार्य, अधिकृत (अधिकृतस्तर छैठौं)

**११. ऐन, नियम, विनियम, निर्देशिकाको सुची**

- सार्वजनिक खर्चको मापदण्ड, कार्यविधि र मितव्ययिता सम्बन्धी निर्देशिका, २०७५, प्रदेश नं. ५
- ओजेटी परिचालन कार्यक्रम संचालन प्रक्रिया, २०७६
- कृषि उद्यमी अनुदान सहयोग कार्यक्रम संचालन प्रकृया, २०७६
- कृषि उपज बजार पूर्वाधार निर्माण तथा संचालन कार्यविधि, २०७६
- किसान कल सेन्टर संचालन विधि, २०७७

**१२. आम्दानी, खर्च तथा आर्थिक कारोवार सम्बन्धी विवरण** (बजेट रु. हजारमा)

| आयोजना/कार्यक्रमको नाम | वार्षिक विनियोजित बजेट | | | हाल सम्मको प्रगति | | |
|---|---|---|---|---|---|---|
| | चालु | पूँजीगत | जम्मा | चालु | पूँजीगत | जम्मा |
| कृषि व्यवसाय प्रबर्द्धन सहयोग तथा तालिम केन्द्र | ११९४५ | २९८० | १४९२५ | ५१२१.३० | २२९.९९ | ५३५१.२९ |
| कृषि क्षमता अभिबृद्धि तथा सीप विकास तालिम | १०५४९ | ० | १०५५९ | १६८३.९४ | ० | १६८३.९४ |
| कृषि तथा पशुपंछि जन्य उद्योग,यन्त्र तथा पूर्वाधार बिकाश कार्यक्रम | ४१७४९ | १०००० | ५१७४९ | १०९७.४७ | ० | १०९७.४७ |
| युवा लक्षित कृषि व्यवसाय प्रबर्द्धन कार्यक्रम | ६१८० | ० | ६१८० | ४७.५० | ० | ४७.५० |
| जम्मा | ७०४२३ | १२९८० | ८३४०३ | ७९५०.२१ | २२९.९९ | ८१८०.२० |

**१३. अघिल्लो आ.व. मा संचालित कार्यक्रमहरु**

१. तालिम कार्यक्रम

| क.स. | तालिमको बिषय | जम्मा |
|---|---|---|
| क | कृषक स्तर | |
| १ | स्मार्ट कृषि गाउँका कृषकहरुलाई बाली बिशेष तालिम (३ पटक) | ८२ |
| २ | स्मार्ट कृषि गाउँका सहजकर्ताहरुलाई क्षमता अभिवृद्धि तालिम (२ पटक) | ५० |
| ३ | कृषि कर्मिलाई क्षमता अभिबृदि तालिम (३ पटक) | ८० |
| ४ | युवाहरुलाई उद्यमशिलता विकास तालिम (२ पटक) | ४८ |
| ५ | कृषि यन्त्र मर्मत तथा संचालन तालिम (१ पटक) | २४ |
| ६ | मागमा आधारीत क्षमता अभिवृद्धि तथा सिप विकास तालिम (४ पटक) | ९१ |
| ७ | सहरी क्षेत्रका महिलाहरुलाई कौसी खेति तालिम (१ पटक) | १३ |
| ख | कर्मचारी स्तर | |
| १ | स्थानीय तहका प्राविधिकहरुलाई बाली विशेष तालिम (१ पटक) | १५ |
| २ | कृषि प्राविधिकलाई क्षमता अभिवृद्धि तालिम (२ पटक) | २४ |
| | **जम्मा** | ४२७ |

२. महिला उद्यमी सहयोग अनुदान कार्यक्रम

३. नीति नियम तथा कार्यविधि मस्यौदा निर्माण

४. नमुना प्रदर्शन स्थल कार्यक्रम

**१४. सार्वजनिक निकायको वेबसाईट**

यस कृषि व्यवसाय प्रवर्द्धन सहयोग तथा तालिम केन्द्र, खजुरा, बाँकेको वेबसाईट abpstc.p5.gov.np रहेको छ ।

**१५. वैदेशिक ऋण/अनुदान/सहयोग**

नरहेको ।

**१६. कार्यक्रम प्रतिवेदन**

- कृषि उद्यमी सहयोग अनुदान कार्यक्रम अन्तर्गत प्रस्तावनाहरु प्राप्त भैरहेको ।
- मागमा आधारित कृषि बजार पूर्वाधार निर्माण तथा संचालन कार्यक्रममा प्राप्त ४३ वटा सिलबन्दी प्रस्तावना मध्य रितपूर्वक प्राप्त २७ वटा प्रस्तावनालाई फिल्ड भेरिफिकेशन र प्रस्तावना मुल्यांकन गरी १८ वटा आवेदक छनौट गरी सम्झौता प्रक्रिया अगाडी बढाईएको ।
- नमुना प्रदर्शन स्थलमा दलहन बाली, जरे बाली, काउली समुह बाली, तथा अन्य तरकारी तथा च्याउ खेति गरिएको ।
- हरित स्वयम सेवकका लागि TOT तालिम (१२ दिने) मार्फत ४७ जना स्वयम सेवकलाई तालिम प्रदान गरिएको ।
- स्मार्ट कृषि गाउँका कृषकलाई वाली विशेष तालिम (६ दिने) मार्फत २६ जना कृषकलाई तालिम दिईएको ।

- कृषि यन्त्र मर्मत तथा संचालन तालिम (६ दिने) मार्फत १८ जना कृषकलाई तालिम दिइएको ।
- मागमा आधारित तालिम (६ दिने) मार्फत २० जना कृषकलाई तालिम दिइएको ।

**१७. सूचनाको वर्गीकरण**

सबै सूचना खुल्ला रहेको ।

**१८. सूचनाको माग सम्बन्धी निवेदन**

प्राप्त नभएको ।

**१९. विवरण अन्यत्र प्रकाशन भएको वा हुने भए सोको विवरण**

कार्यालयको वार्षिक प्रगति पुस्तिका, कार्यालयको वेबसाइट तथा चौमासिक प्रकाशन हुने चौमासिक बुलेटिन ।